फाल्गुनन्द गाउँपालिकाक
गाउँकार्यपालिकाको कार्यलय
फाक्तेप, पाँचथर

# *पशुपँछि कार्यसञ्चालन कार्यविधि*

*(फाल्गुनन्द गाउँपालिका को मिति २०७६।१०।११ गतेको छैटौ  गाउँसभावाट स्वीकृत)*

**प्रस्तावना**

फाल्गुनन्द गाउँपालिकाको अर्थतन्त्रको महत्वपूर्ण स्थान ओगटेको पशुपन्छी पालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको स्वास्थ्यका दृष्टिकोणबाट समेत पशु, पशुजन्य पदार्थ उत्पादन सामाग्रीको स्वास्थ्य उत्पादन, विक्री वितरण, उपभोक्ता तथा निकासी पैठारी गर्ने सम्वन्धमा प्रभाबकारी रुपमा कार्यान्वयन गर्न पशु स्वास्थ्य कार्यक्रम संञ्चालन गर्न आवस्यक रहेको छ । हाल स्थानीय स्तरको पशु स्वास्थ्य सेवा सम्बन्धि ऐन नियमावली तर्जुमा भई नसकेको अवस्थामा नेपाल सरकारको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र सो को नियामावली, २०५६ को मर्म र भावना अनुरुप पशुवस्तुमा विभिन्न समयमा संक्रामक महामारीको रुपमा देखा परी पशु तथा पशुजन्य उत्पादनमा कमी आई कृषकहरुमा ठूला आर्थिक क्षति पुर्याउने रोगहरुको सर्भिलेन्स, अन्वेषण, पहिचान, रोकथाम, नियन्त्रण तथा अनुगमनका कार्यहरु कार्यान्वयन गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३(१) को अधिकार प्रयोग गरी भूमि व्यवस्था प्रदेश सरकार प्रदेश नं. १ को भेटेरीनरी नियमन निर्देशिका २०७६ लाई श्रोत आधार बनाई फाल्गनन्द गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन २०७४ को दफा ४ बमोजिम फाल्गुनन्द गाउँपालिकाको छैटौं गाउँसभाले यो कार्यविधि बनाई **पशुपँछि विकास कार्यक्रम कार्यसञ्चालन निर्देशिका** २०७६ जारी गरेको छ गरी लागु गरिएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधिको नाम **पशुपँछि विकास कार्यक्रम कार्यसञ्चालन निर्देशिका** २०७६रहेको छ ।

२. यो कार्यविधि फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाको बैठक बाट स्वीकृत भएको मितिबाट लागु हुने छ ।

**२. परिभाषः** विषय प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क)“अनुदान” भन्नाले फाल्गुनन्द गाउँपालिकाको गाउँसभाबाट विनियोजित बजेट अनुसारको स्वीकृत बमोजिम पशु उत्पादन, प्रसोधन, मुल्य अभिबृद्धि, बजारीकरण, विविधीकरण, वा कृषिको आधुनिकीकरण र व्यवसायीकरणका लागि कृषकलाई प्रदान गरिने नगद सहुलियत सम्झनु पर्दछ ।

(ख) "अनुदानग्राही"भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि उद्यमी, कृषक/समुह, कृषि सहकारी, कृषि विकाससँग सम्वन्धि समिति र कृषि व्यवसायी, फर्म सँचालक सम्झनु पर्दछ ।

(ग) "कृषि व्यवसायी" भन्नाले पशुपँछि, मत्स्य, खाद्यजन्य लगायत उत्पादनलाई व्यवसायीकरण, बजारीकरण, मूल्य अभिबृद्धि एवं औध्योगीकरण गर्नेलाई समेत बुझिन्छ ।

(घ)"कार्यक्रम" भन्नाले फाल्गुनन्द गाउँपालिका पशुपँछि सेवा शाखा बाट सञ्चालनहुने अनुदान तथा अन्य सँचालित कार्यक्रम सम्झनु पर्दछ ।

**३. अनुदान तथा कार्यक्रमहरु सँञ्चालन गर्न सक्ने:** फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाको सरकारले पशुपँछि सेवा शाखाको बार्षिक बजेट तथा स्वीकृत रेडबुकमा उल्लेखित कार्यक्रम तथा अनुदानका कार्यक्रम पशुपँक्षि सेवा शाखामार्फत सँञ्चालन र उपलब्ध गराउन सक्ने छ ।

**४. कार्यक्रम, अनुदानको सूचना र अनुदानग्राहीको छनौट** (१) अनुदान सम्वन्धि कार्यक्रम संञ्चालन गर्न पशुपँछि सेवा शाखा कार्यलय फाक्तेले बार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक रुपमा अधिकतम कृषकहरुसम्म सूचनाको पहुँच पुग्नेगरी आबेदन मागको लागि कम्तिमा ७ देखी १५ दिनको सूचना प्रकाशन प्रसारण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त आवेदन सम्बन्धि कार्यक्रम संञ्चालन हुने सम्वन्धित वडाले वा पशुपँछि सेवा शाखाले छानबिन बाट छनौट गरी कार्यक्रमको लागि सिफारिस गर्न सक्ने छ ।

(३) उपदफा (२) बमोजिम छनौट भएका आवेदकहरुलाई कार्यक्रमको मर्म तथा निर्देशिका अनुरुप शाखा प्रमुखले कार्यक्रम कार्यन्वयन गर्न सक्ने छ ।

**५. अनुदानको रकमको सिमा:** (१) फाल्गुनन्द गाउँपालिका पशुपँछि सेवा शाखा बाट उपलब्ध गराईने अनुदान रकम कुल लागतको कार्यक्रमको प्रकृति अनुसार ५०%/७५%/८०%/वा सतप्रतिशत अनुदानमा रहने छ ।

**६. अनुदानग्राहीसँग सम्झौता गर्नु पर्ने:** (१) कार्यलयले अनुदानग्राही को छनौट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राहीसँग सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अनुदानग्राहीले कार्य सुरु गर्नुपर्ने समय, कार्य सम्पन्न गर्नुपर्ने विषय, अनुदान भुक्तानी हुने बैकको शाखा कार्यलय, आवधिक रुपमा कार्य सम्पन्न गर्नुपर्ने विषय र सो बमोजिम अनुदान उपलब्ध गराईने समय तालिका अनिबार्य रुपमा उल्लेख गर्नुपर्ने ।

**७. अनुदानको भुक्तानी बैंकमार्फत हुने:** (१) पशुपँछि सेवा शाखाले मान्यता प्राप्त छनौट गरेको बैंकसँग सम्झौता गरी यस निर्देशिका बमोजिमको अनुदान रकममा रु एक लाख देखी माथीको भुक्तानीको लागि अनुग्राहीलाई उपलब्ध गराउन आवस्यक व्यवस्था मिलाउनेछ ।

(२) कार्यलयले छनौट गरेको अनुग्राहीले अनुदान तथा अन्य कार्यक्रमको प्राप्तीको लागि आफूलाई पायक पर्ने बैंकमा खाता खोल्नु पर्ने छ र स्वीकृत अनुदानको रकम बैंक मार्फत भुक्तानी गरीने छ ।

**८. बीमा गर्नु पर्ने:** यस निर्देशिका बमोजिम अनुदान वा अन्य कार्यक्रम प्राप्त गर्ने अनुदानग्राहीले अनुदान प्राप्त गरेको कृषि व्यवसायको अनिवार्य बीमा गर्नुपर्नेछ ।

**९. असुल उपर गर्नु पर्ने:** कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान वा अन्य कार्यक्रमको रकमको हिनामिना भएमा सम्वन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ ।

१०. **अनुगमन तथा मुल्याङ्कन:** यस कार्यविधि बमोजिम संचालित कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन आवस्यकता अनुसार गाउँकार्यपालिका स्तरीय वा अन्य सम्वन्धित निकायबाट हुनेछ ।
११. **दोहोरो सुविधा दिन नपाउने:** अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बडि निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन एकै प्रकृतिको कामको लागि एक भन्दा बडि निकायबाट अनुदान प्राप्त गरेको देखीएमा ३ वर्ष सम्म उहि प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन ।
१२. **अनुदानग्राही जिम्मेवार हुने:** कुनै विशेष कारणबश वा काबु बाहिरको परिस्थिती परी सम्झौता अनुरुप तोकीएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्ध भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभाएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।
१३. **अनुदान प्राप्त गर्ने परियोजना/कार्यक्रमरद्ध गर्न सक्ने वा सम्झौता गर्ने:** कुनै कारणवस प्रचलित ऐन कानुन विरुद्ध भएमा वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कारणबस छनौट समिति वा गाउँकार्यपालिकाले कार्यक्रम अगाडी बडाउन उपयुक्त नदेखेमा पूर्व जनकारी दिई सम्झौता रद्ध गर्ने वा अनुदानको रकम पूरा भुक्तानी नदिन सक्ने सम्मको कारवाही हुनेछ ।
१४. **खारेजी वा सँसोधन:**(१) आ.व. ०७६/०७७ बाट संचालन गरिने कार्यक्रमहरुको छनौट एब मुल्याङ्कनका आधारहरु रेडबुक मा उल्लेखित कार्ययोजना बमोजिम हुनेछ । उक्त कार्यक्रमहरु कार्यान्वय गर्न समस्या उत्पन्न भए वा शीर्षक परिवर्तन गर्नु परेमा गाउँसभाबाट खारेजी वा सँसोधन गर्न सकिने छ ।
१५. **विविध:** यस निर्देशिकामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

**१६. कार्यक्रमको नामः पशुजन्य पदार्थ उत्पादन, विधिकरण र बजारीकरण कार्यक्रम**

**(१) उद्धेश्य:**

(१) पशुपन्छीपालन व्यवसायलाई प्रवर्द्धन गरी व्यवसायिकरण बनाउन सहयोग गर्ने ।

(२) पशपन्छी जन्य उद्योगहरुलाई आधुनिकीकरण गर्ने ।

(३) पशुजन्य पदार्थ विविधीकरण गरी बजारीकरण गर्नमा सहयोग गर्ने ।

**(२) अनुदान रकम उपलब्ध हुने क्षेत्र:**

(**क**) पशुपन्छी पालन व्यवसायलाई प्रवर्द्धनका लागि आवस्यक पर्ने भौतिक पूर्वाधार निर्माण( गोठ/खोर तथा भकारो सुधार र यान्त्रिकीकरणका मेशिन, उपकरण खरिद तथा जडान गर्न

(**ख**) मासु तथा अण्डाजन्य पदार्थ उत्पादन विविधीकरण र बजारीकरणका लागि आवस्यक पर्ने भौतिक पूर्वाधार विकास, मेशिन उपकरण, औजार र मासु तथा जिवीत पशुपन्छी ढुवानी साधन खरिद गर्न ।

(**ग**) दुध दुग्धजन्य पदार्थको उत्पादन बृद्धि गर्न तथा मासु अण्डा उत्पादन मा बृद्धि गरि निर्वाहमुखी पशुपालन व्यवसाय लाई व्यवसायमुखी बनाउन कोरली बाछी, उन्नत जातका माउबाख तथा वीउबोका तथा कुखुराका चल्ला, खरिद तथा ढुवानी गर्न ।

**(३) अनुदान वा कार्यक्रम सञ्चालन प्राप्त गर्नका लागि सर्तहरुः**

(**क**)सुचना प्रकासन भएको मिति अगावै वा सूचना म्याद सकिन बाँकीरहँदै प्रचलित कानुन बमोजिम वडा, गाउँपालिका वा अन्य सरकारी निकायमा दर्ता भएका सहकारी/सँघ सँस्था/फर्म /कम्पनी र निजी उद्यमी व्यवसायिहरुमात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) गाउँपालिका को कार्यलयबाट र यस माताहतका निकायहरुबाट तीन वर्ष भित्र अनुदान प्राप्त गरीसकेको प्रस्तावलाई उहि व्यवसायको लागि पुनः छनौट गरिने छैन ।

(ग) अनुदानग्राहीले अनुदान प्राप्त गरेपश्चात कम्तिमा दश वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनुपर्नेछ । अनुदानको रकम उल्लङ्घन भएमा दफा ९ बमोजिम हुनेछ ।

(घ) सरकारी वा गैह्सरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले सम्झौता वा कार्यक्रम अनुरुप कार्य गरेको नपाइएमा त्यस्ता प्रस्तावलाई मूल्याँकनमा समावेश गरिने छैन

(ङ) नियमअनुसार सम्वन्धित निकायमा दर्ता भएको, करचुक्ता गरेको र स्थाई लेखा नम्वर प्राप्त गरेको र कुनै कारवाहीमा नपरेको हुनुपर्नेछ ।

(छ) लिजको जग्गाकोहकमा कम्तिमा दश वर्षको करारनामा वा सम्झौता पत्र हुनुपर्नेछ ।

(ज) प्रस्तावकले लागत साझेदारी गर्ने प्रतिवद्धता जनाएको हुनुपर्नेछ ।

(झ) स्पेशिफिकेसन, लागत स्टिमेट नक्साङ्कन बमोजिमको क्रियाकलाव हुनुपर्ने छ ।

**१७. कार्यक्रमको नामः सार्वजनिक हाट पशु बधशाला निर्माण तथा सुधार कार्यक्रम**

(१) **उद्धेश्यः**

(क) स्वच्छ , स्वास्थ्य, एवँ गुणस्तरीय मासु तथा मासुजन्य पदार्थहरुको आपुर्ति सुनिश्चित गर्ने ।

(ख) पशु वधशाला तथा मासु जाँच ऐन र तत सम्वन्धि नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि पूर्वाधार तयार गर्ने ।

(ग) मासुजन्य व्यवसायको समुचित व्यवस्थापनबाट बातावारणीय संरक्षणमा टेवा पुर्याउने ।

(२) **अनुदान रकम संञ्चालन हुने क्षेत्रः**

(क) पशुवधस्थलको टहरो/ट्रष्ट निर्माण र सुधार ।

(ख) कम्पाउण्डवाल निर्माण ।

(ग) पशुवस्थलमा प्रयोगहुने औजार उपकरण जस्तै ह्याङ्गर, हुक, टेवल, चक्कु, बोन स, डिप फ्रिज, तथा नास भएर नजाने अन्य औजार उपकरण खरिद

(घ) पशु बधस्थलको भूँइमा र भित्तामा प्लास्टर गर्ने

(ङ) किरा झिँगा नपस्ने व्यवस्था र अन्य जैविक सुरक्षाको विधि अवलम्वन ।

(३) **कार्यक्रम सँञ्चालन कार्यविधिः**

(क) सुचना प्रकासन भएको मिति अगावै वा सूचना म्याद सकिन बाँकीरहँदै प्रचलित कानुन बमोजिम वडा, गाउँपालिका वा अन्य सरकारी निकायमा दर्ता भएका सहकारी/सँघ सँस्था/फर्म/कम्पनी र निजी उद्यमी व्यवसायिहरुमात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) पशु बधस्थलको भौतिक संरचनाको डिजाइन इष्टिमेट मान्यता प्राप्त इन्जिनीयरबाट गाउँपालिकाको स्वीकृती लिई कार्यान्वयन गनु पर्नेछ ।

(ग) पशुहाट वधशाला सँञ्चालनको लागि दैनिक बधहुने क्षेत्र मा निःशुल्क वा साविक हटिया लाग्ने सार्वजानिक जग्गामा निर्माण गर्नुपर्ने छ ।

(घ) हटिया स्थलको पशु वधशाला निर्माणमा फाल्गुनन्द गाउँपालिका पशुपँछि शेवा शाखाले स्वीकृत मापदण्ड बमोजिम जिल्लादररेट अनुसार कार्ययोजना बनाई काम सम्पन्न गराउनु पर्नेछ ।

(ङ) पशुबधशाला निर्माण तथा सुधार सम्बन्धि अन्य हकमा संघिय सरकारको पशु वधशाला तथा मासु जाँच ऐन २०५५, नियमावली२०५७ र प्राविधिक निर्देशिका २०६४ बमोजिम गर्न सकिनेछ ।

(च) कार्यक्रम सँचालन गर्न सामाजिक, बातावरणीय, प्राविधिक, वित्तीय र भौगोलिक रुपमा उपयुक्त हुनु पर्ने छ

(छ) तालिम, भ्रमण गोष्टिी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपब्ध गराईने छैन ।

**१८. कार्यक्रमको नामः मत्स्य उत्पादन कार्यक्रम**

**(१) उद्धेश्यः**

(क) मत्स्य पालनको क्षेत्र बिस्तार गरी गाउँपालिका स्तरमा मत्स्य उत्पादन बढाई
गाउँपालिकालाईआत्मनिर्भर गराउँनुको साथै पौष्टिक आहाराको उपलब्धता बृद्धि गर्न ।

(ख) माछाको बढ्दो आयातलाई क्रमशः न्यूनीकरण गरी खाद्य पोषण सुरक्षामा टेवा पुर्याउने

(ग) मत्स्य पालन व्यवसायलाई व्यवसायीकरण गर्ने ।

**(२) अनुदान रकम उयोग गर्न सकिने कार्यहरुः**

(क) नयाँ माछापोखरी निर्माण, माछाका भुरा खरीद तथा आहार व्यवस्थापन

(ख) पुरानो पोखरी मर्मत सम्भार

(ग) पुरानो सँरक्षित सार्बजानीक पोखरीका माछाको आहार व्यवस्थान

**(३) कार्यक्रम सँञ्चालन कार्यविधिः**

(क) सुचना प्रकासन भएको मिति अगावै वा सूचना म्याद सकिन बाँकीरहँदै प्रचलित कानुन बमोजिम वडा, गाउँपालिका वा अन्य सरकारी निकायमा दर्ता भएका सहकारी/सँघ सँस्था/फर्म/कम्पनी र निजी उद्यमी व्यवसायिहरुमात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) गाउँपालिका को कार्यलयबाट र यस माताहतका निकायहरुबाट तीन वर्ष भित्र अनुदान प्राप्त गरीसकेको प्रस्तावलाई उहि व्यवसायको लागि पुनः छनौट गरिने छैन ।

(ग) अनुदानग्राहीले अनुदान प्राप्त गरेपश्चात कम्तिमा दश वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनुपर्नेछ । अनुदानको रकम उल्लङ्घन भएमा दफा ९ बमोजिम हुनेछ ।

(घ) सडक र विद्युतका सुविधा भएको हुनुपर्नेछ

(ङ) कार्यक्रम सँचालन गर्न सामाजिक, वातावरणीय, प्राविधिक, वित्तीय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्दछ ।

(च) अनुदान रकम नयाँ माछापोखरी निर्माण, पुरानो पोखरी मर्मत सम्भार, सार्वजानिक पोखरीमा पालिएका माछाको आहारा व्यवस्थापन, नयाँ पोखरी निर्माण मा लगाइएको भुराको आहारा व्यवस्थापन मा प्रयोग भएको हुनु पर्नेछ ।

(छ) निजी उद्यमीको हकमा प्रस्तवकले लागतको कम्तिमा पच्चिस प्रतिशत लागत साझेदारी गर्ने गरेको हुनुपर्नेछ ।

(ज) अनुदानग्राहीले अनिवाार्य रुपमा मत्स्य बिमा गरेकोहुनु पर्नेछ ।

**१९. व्यवसायिक बाखापालन प्रवर्धन कार्यक्रमः**

(१) **उद्धेश्यः**

(क) भौगोलिक क्षेत्र र हावापानी सुहाउँदो स्थानीय  तथा वर्णसँकर बाखाको नश्ल सुधार गरी उच्च उत्पादन क्षमतायुक्त प्रजनन् योग्य बोका र बाखाको उपलब्धता बढाउने ।

(ख) बाखापालन क्षेत्रको व्यवसायिक रुपान्तरणमा सहयोग पुर्याउने ।

(ग) मासु तथा मासुजन्य पदार्थमा गाउँपालिकामा आत्मनिर्भर हासिल गर्न सहयोग पुर्याउने

(२) **कार्यक्रम संचालन अवधीः**

(क) गाउँपालिकाको निश्चित क्षेत्र विशेषमा यो कार्यक्रम पाँच बर्षसम्म सञ्चालन गरिने छ र कार्यक्रमको प्रभावकारिताको आधारमा मनासिव ठहरे अन्य क्षेत्रमा पनि विस्तार गदै फलोअपको रुपमा समेत कार्यक्रम विस्तार गर्न सकिने छ ।

(३) **कार्यक्रम सञ्चालन स्थान छनौटका आधारहरु**

(क) भौगोलिक तथा वातावरणीय हिसावले बाखा पालनको सम्भावना भएको हुनु पर्नेछ ।

(ख) तुलनात्मक हिसावले बाखाको सँख्या बढि भएको हुनुपर्नेछ ।

(ग) विगतमा बाखा पकेट क्षेत्रका रुपमा पहिचान र प्रवर्द्धन गरेको हुनुपर्नेछ ।

(घ) बाखापालनमा संलग्न कृषकहरुको बाहुल्यता रहेको हुनु पर्नेछ ।

(ङ) चरिचरनको उपलब्धता तथा घाँस खेतीको आवश्यकता र सम्भावना भएको हुनुपर्नेछ ।

(च) व्यवसायिक बाखापालन विस्तारको सम्भावना रहेको हुनुपर्नेछ ।

(छ) कार्यक्रम प्रति कृषकहरुको झुकाव र प्रभावकारी कार्यान्वयनको सम्भवाना भएको हुनु पर्नेछ ।

(४) **सम्भावित साझेदारहरुः**

कृषि पशुपालनमा आवद्ध सहकारी/ संघ/ सँस्था, बाखा पालन/पालक व्यवसायिक संघ /सँस्था,समुह /समितिहरु,बाखा पालनक कृषकहरु हुनेछन् ।

(५) **अनुदान रकमबाट सञ्चालन गर्न सकिने कार्यहरुः :**

(क) खोर निर्माण/सुधार र जैविक सुरक्षाका उपायहरुको अवलम्वन

(ख) डिपिङ्ग ट्याँक निर्माण/सुधार

(ग) प्रजनन्योग्य माउ बाखा र व्याडको बोका खरिद एवं ढुवानी

(घ) घाँसको वीउ/बेर्ना खरिद ढुवानी र वितरण

(ङ) हिट सान्कोनाइजेशन तथा मौसमी कृत्रिम गर्भाधान सेवा सञ्चालन

(च) व्यवसायिक बाखा फार्मका लागि ब्रडिजो क्यास्ट्रेचर र अन्य औजार/उपकरण खरिद

(ज) बाखाको आन्तरिक तथा बाह्य परजीवि नियन्त्रण र पशु उपचार

(झ) क्षमता विकास तालिम, आन्तिरिक अवलोकन भ्रमण र अन्तर्क्रिया गोष्टि

(ञ) प्रगती प्रतिवेदन, अभिलेखीकरण र अध्यावधिकका लागि आवस्यक डकुमेन्टमा प्रयोग हुनेछ

(६) **कार्यक्रम सँचालन कार्यविधिः**

(क) प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा दर्ता/अभिलेख भएका साझेदारहरु वा व्यवसायिक बाखापालक कृषकहरु यो कार्यक्रम सँञ्चालनका लागि साझेदारी गरिनेछ ।

(ख) अनुदान प्राप्त गर्ने साझेदारले कम्तिमा १० बर्ष सम्म व्यवसायिक रुपमा काम गनुपर्नेछ ।

(ग) सम्बन्धित साझेदारले स्वच्छ उत्पादन विधि परिपालन गर्न मन्जुर हुनु पर्नेछ ।

(घ) अनुदानको रकम दुरुपयोग भएको पाईएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कारबाही हुनेछ ।

(ङ) व्यवसायिक बाखापालन कार्यक्रम कार्यान्वयन मा राम्रो गुणस्तर तथा उत्पादन क्षमता भएका स्वास्थ्य पशुहरुको छनौट र ट्यागिङ्ग गरी अभिलेख राख्नु पर्नेछ ।

(च) व्यवसायिक बाखापालन कार्यक्रममा सहभागि कृषक वा साझेदार सँस्थाका सवै सदस्यहरु घाँसमा आधारित पशुपालनको लागि मौसम र सम्भावना अनुसारका हिउँदे, वर्षे, र बहुबर्षिय घाँसखेती तथा साइलेज प्रविधि अवलम्वन गर्नुपर्नेछ ।

(छ) व्यवसायिक बाखापालन कार्यक्रममा सहभागि कृषकको सवै बाखाको अनिवार्य विमा गरेको हुनुपर्नेछ ।

(ज) कार्यक्रम सम्बन्धि सम्पूर्ण क्रियाकलाबहरु पशुपँछि शेवा शाखाले सँचालन गर्नेछ ।

(७) **प्रजनन्योग्य माउ बाखामा हुनुपर्ने गुणहरुः**

(क) दुई वा दुई भन्दा बडि पाठापाठी जन्माउने माउ बाखाको सन्तान हुनुपर्ने

(ख) माऊ बाखाको माऊ(Dam) र बाउ(Sire) बीच नाता नभएको हुनु पर्ने

(ग) पहिलो पटक व्याउने उमेर बडिमा सत्र महिना हुनुपर्ने

(घ) दुइ वर्षमा तीन पटक व्याउने विशेषता भएको हुनुपर्ने ।

(ङ) छनौट गरि बथानमा राखिने बाखाको जात अनुसारको जातीय गुण प्रष्ट देखिने हुनुपर्ने

(च) राम्रो दुध उत्पादन तथा पाठापाठी हुर्काउन सक्ने क्षमता भएको, लामो खुट्टा, मिलेको शारीरिक बनावट तथा कल्चौडो र गुन मिलेको हुनुपर्ने ।

(छ) शारीरिक बनावटमा कुनै खोट नभएको, प्रजनन् तथा अन्य रोग नभएको हुनुपर्ने । साथै ५ पुस्ता सम्मको कुनै हाडनाता नपर्ने ।

(ज) छनौट गर्ने बाखाले स्थानीय हावापानी सहन सक्ने र स्थानीय रुपमा उपलब्ध घाँसपात उपयोग गर्ने खालको हुनु पर्दछ ।

(८) **प्रजनन् बोकामा हुनुपर्ने गुणहरुः**

(क) दुइ वा दुईभन्दा बढि पाठापाठी जन्माउने माउ बाखाको सन्तान हुनुपर्ने

(ख) बोकाको माउ र बाउ बीच नाता नभएको हुनुपर्ने

(ग) प्रजनन्को लागि छनौट गरिने बोका राम्रो दुध दिने माउबाट जन्मेको हुनुपर्ने

(घ) आफ्ना दौतरीहरुको भन्दा बढि शारीरिक बृद्धिदर भएको हुनुपर्ने

(ङ) छनौट गरि बथानमा राखिने बोकाको जात अनुसारको जातीय गुण प्रष्ट देखीने हुनुपर्ने

(च) दुबै अण्डकोष राम्रोसँग विकास भएको र एकै आकार प्रकारको हुनुपर्ने

(छ) फूर्तिलो, दानापानी रुचाएर खाने, छाला र रौ सफा तथा चम्किलो एवं उमेर अनुसार शारीरिक बृद्धि भएको हुनुपर्ने ।

(ज) चौडा छाती, सिधा तथा बलियो खुट्टा तथा टाउको र गर्दनको अनुपात मिलेको हुनुपर्ने

(झ) प्रजनन् सम्वन्धि रोग तथा अन्य रोगहरुबाट मुक्त हुनुपर्ने साथै ५ पुस्ता सम्मको कुनै हाडनाता नपर्ने हुनुपर्ने छ ।

**२०. व्यवसायिक बाखा फार्ममा बोयर बोका वितरण कार्यक्रमः**

(१) **उद्धेश्यः**

आयआर्जन रोजगारी श्रृजना र गरिवी न्यूनीकरणका सन्दर्भमा बाखापालन व्यवसायको महत्व पूर्ण स्थान रहेको छ। विगतमा समेत मासु उत्पादन र उत्पादकत्वका लागि उपयुक्त मानिएका उच्च उत्पादकत्व अभिबृद्धिका लागि जातीय सुधारका प्रयासहुँदै आएकोमा पछिल्ला केहि बर्षयता बाखापालक कृषकहरुमाझ बोयर जातको बाखाको लोकप्रियता अप्रत्यासित रुपमा बढेको छ। यहि परिपेक्षमा बाखाको नश्ल सुधार गरी उत्पादकत्व बृद्धि गर्न तथा व्यवसायिकरणमा टेवा पुर्याउने हेतुले फाल्गुनन्द गाउँपालिकाले बोयर जातको बाखाको व्याडको बोका बितरणकार्यक्रम संचालनमा ल्याएको छ।

(२) **कार्यक्रम सँचालन कार्यविधिः**

(क)कार्यक्रम सँचालन हुनु ७ देखी १५ दिन अघि सूचना पाटीमा प्रस्ताव आह्वानको सूचना प्रकासित हुनेछ।

(ख) कार्यक्रम सँचालन कार्यविधि यस निर्देशिकाको दफा १९ को उप दफा ६ बमोजिम हुनेछ।

(ग)व्यवसायिक बाखापालन फार्मको हकमा प्रति फार्म कम्तिमा २५ वटा प्रजनन् योग्य माउ बाखा र कृषक समुह समिति सहकारीको हकमा प्रति कृषक कम्तिमा १० वटा माउ बाखा भएको १० घरधुरीका बीच एउटा बोयर बोका वितरण गरिने छ।

(३) **यस कार्यक्रम अन्तर्गत प्रजनन्को लागि निम्न गुणभएका व्याडको बोयर बोका खरिद गरिने छ**

(क) दुइ वा दुईभन्दा बढि पाठापाठी जन्माउने माउ बाखाको सन्तान हुनुपर्ने

(ख) बोकाको माउ र बाउ बीच नाता नभएको हुनुपर्ने

(ग) प्रजनन्को लागि छनौट गरिने बोका राम्रो दुध दिने माउबाट जन्मेको हुनुपर्ने

(घ) आफ्ना दौतरीहरुको भन्दा बढि शारीरिक बृद्धिदर भएको हुनुपर्ने

(ङ) छनौट गरि बथानमा राखिने बोकाको जात अनुसारको जातीय गुण प्रष्ट देखीने हुनुपर्ने

(च) दुबै अण्डकोष राम्रोसँग विकास भएको र एकै आकार प्रकारको हुनुपर्ने

(छ) फूर्तिलो, दानापानी रुचाएर खाने, छाला र रौ सफा तथा चम्किलो एवं उमेर अनुसार शारीरिक बृद्धि भएको हुनुपर्ने।

(ज) ६ महिना पुगेको र कम्तिमा ३० किलो शारीरिक तौलभएको।

**२१. घाँस विकास कार्यक्रम संचालन**

(१) **पृष्टभूमीः**

पशुपालन क्षेत्रको व्यवसायिकरणको माध्यमबाट एकातर्फ दुध र मासुको उत्पादन र उत्पादकत्व बृद्धि गर्नुपर्ने अवस्था छ भने अर्को तर्फ व्यवसायिक दिगोपनाको लागि प्रतिश्पर्धात्मक क्षमताको विकास र लागत मूल्य न्यूनीकरण पनि हाम्रो सन्दर्भमा उतिकै महत्वपूर्ण छ। बषैभरी हरियो घाँसको उपलब्धता सुनिश्चत गर्नको लागि व्यवसायिक कृषक तथा कृषक समूह समिति सहकारी मार्फत उन्नत जातका हिँउदे तथा वर्षे घाँसेबालीहरुको खेती प्रवर्धन गर्नुपर्ने आवस्यकता देखिएको छ। उन्नत घाँसखेती बिस्तारका लागि फाल्गुनन्द गाउँपालिकाले विभिन्न किसिमका प्रर्वधनात्मक कार्यक्रमहरु जस्तै घाँसको विउ

बेर्ना सेट्स वितरण, उन्नत घाँस खेतीका आधारमा अनुदान उपलब्ध गराउने, सामुदायिक बन तथा खेर गएका जग्गामा घाँस खेती गर्ने, मुल सडक छेउछाउका क्षेत्रमा विरुवा वितरण गरी वातावरण हरियाली वनाउने उद्धेश्य बमोजिम डाले घाँस नर्सरी स्थापना गरी सञ्चालनमा ल्याइने छ ।

(१) **हिउँदे बर्से बहुबर्से घाँसको वीउ बेर्ना सेट्स वितरण कार्यक्रम संचालन प्रकृयाः**

(क) पशुपालन आवद्ध व्यवसायिक कृषक समुह समिति सहकारी कम्पनि फर्म र निजी उद्यमीहरुलाई बार्षिक स्वीकृत कार्यक्रम बजेटको सिमा भित्र रही निःशुल्क वितरण गरिने छ

(ख) सार्वजानिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका २०७५, सार्बजानिक खरिद ऐन २०६३ तथा सार्वजानिक खरिद नियमावली २०६४ बमोजिमको खरिद प्रकृया अपनाइने छ ।

(२) **डालेघाँस नर्सरी स्थापना कार्यक्रम सँचालन प्रकृया :**

(क) नर्सरी स्थापना हुने क्षेत्रको छनौट गर्दा पशुपँछि सेवा शाखा वा कार्यक्रम सँञ्चालन हुने वडा कार्यसमितिले गर्नेछ ।

(ख) सार्वजानिक जग्गा, सडक तथा पानी को शुविधा भएको, भौतिक सामाग्री सजिलै उपलव्धहुने क्षेत्र, पहारिलो समथर, रखदेख गर्न सहज हुने क्षेत्रलाई छनौट गरिने छ ।

(ग) नर्सरी स्थापना हुने क्षेत्रका साझेदार वा निजी उद्यमी व्यवसायी समुह वा सहकारीलाई एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

(घ) डालेघाँस नर्सरी स्थापना रेखाङ्कन, तयारी, तथा निर्माण पश्चात विउ खरिद गरी प्रयोग गरिनेछ ।

(ङ) डालेघाँस नर्सरी स्थापना सम्वन्धि सम्पूण क्रियाकलाब पशुपँछि शेवा शाखा कार्यलयले गर्नेछ ।

२२.**पसुस्वास्थ्य सेवा, एकिकृतरेविज तथा घुम्ति सिबिर कार्यक्रम**

(१)**पृष्टभुमीः**

निर्वाहमुखी पशुपालन क्रमशः व्यवसायिकता तर्फ उन्मुख भइरहदा उत्पादनशिल उन्तत नश्लका पशुहरुको सँख्यामा बृद्धिहुँदै गईरहेको छ । तर उन्नत नश्लका पशुहरुको समुचित व्यवस्थापन हुन नसक्दा विभिन्न प्रकृतिका समस्याले सताउने र कृषकहरुले अपेक्षित प्रतिफल प्राप्त गर्न नसकिरहेको अवस्था पनि छ । यस परिस्थितिमा चौतर्फि रुपमा विशेषज्ञ पशु स्वास्थ्य सेवाको माग रहेतापनि त्यसको सहज पहुँच सुनिश्चत गर्नु चुनौतिपूर्ण समेत देखिन्छ । यहि परिपेक्षमा फाल्गुनन्द गाउँपालिकाले व्यवसायिक पशुपालन फर्महरु, उद्यमी, व्यवसायिक कृषक, वा पशुपालक सम्पूर्ण कृषकहरुलाई लक्षित गरी एकिकृत रुपमा पशुविशेषज्ञ, पशुप्राविधिकले पशुस्वास्थ्य घुम्ति सेवा मार्फत कार्यलयबाट र स्थानीय स्तरमै प्राविधिक सेवा टेवाको पहुँच विस्तार गरिने छ ।

(२) **कार्यक्रम सँचालन प्रकृया:**

(**क**) कार्यक्रम सँचालन गर्दा पशुपँछि सेवा शाखाको बार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधिमा रहि रोग निदान, उपचार, र घुम्ति सेवा वा रेविज सिविर सँचालन हुने कुराको प्रचारप्रसारको प्रवन्ध गरिने छ ।

(**ख**) कार्यलय प्रमुखले तोकेको प्राविधिकले स्थानीय तहमा कार्यरत पशु सेवा शाखा समेतको परामर्शमा गाउँपालिका भित्र रहेका व्यवसायिक फर्महरुको पहिचान, र तिनले भोगेका समस्या सम्बोधन हुने गरी प्राविधिक टोली परिचालन हुने पूर्व तयारी गरिने छ ।

(ग) पशुस्वास्थ्य प्राविधिक टोलीमा पशुस्वास्थ्य, प्रजनन् आहार र व्यवस्थापन सँग सम्बन्धि घुम्ति सिविर (पशुस्वास्थ्य तथा बाँझोपन निवारण सिविरमा) कम्तिमा १ जना भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाट विशेषज्ञ वा निजले तोकेको प्रतिनिधिको सँलग्नता हुनुपर्नेछ ।

(घ) व्यवसायिक किसिमले गाई, भैँसी, भेडा, बाखा, बँगुर, र कुखुरा पालन गर्ने फार्मलाई लक्षित गरी कार्यलय बाट नियमित पशु स्वास्थ्य सेवा तथा एकिकृत घुम्ति सिविर सँचालन हुनेछ ।

(ङ)गाउँपालिका भित्र रहेका कृषकहरुले पालेका घरपालुवा कुकुर तथा विरालो लाई लक्षित गरी निःशुल्क रुपमा रेविज विरुद्धको खोप शिविर सवै वडाहरुमा सँचालन गरिने छ ।

**२३.गाउँपालिकावा स्थानीय स्तरीय कृषक तालिमः**

**परिचय** : पशुपँछि सेवामा विभिन्न विषय विशेष तालिमहरु गाउँस्तरमा १-३ दिनसम्म सञ्चालन गरिनेछ । यस तालिम १५-२५ जना कृषक सहभागी हुनेछन् ।

**उद्देश्य** : कृषकहरुको विषयविशेष ज्ञान, सीप, क्षमता अभिबृद्धि गर्नु ।(व्यवहारिक ज्ञान बद्धि गर्न)

**कार्यविधि** :

- ❖ तालिममा सहभागी छनौट गर्दा, समूहमा योगदान पुऱ्याएको , आफूले सिकेका कुरा अरुलाई सिकाउन अग्रसर रही गाँउको पशुपँछि विकासमा केही गरौ भन्ने भावना भएको कृषक हुनुपर्नेछ । तालिममा महिला कृषकलाई प्राथमिकता दिई मिश्रित समूहबाट समेत सकभर महिला सहभागी छनौट गर्नुपर्नेछ ।
- ❖ तालिम व्यवस्थापनमा संलग्न हुने प्रविधिकहरुसँग मिली तालिम कार्यक्रम तयार गरी तालिम संयोजकले निम्नानुसार कार्य गर्नुपर्नेछ ।
    - ✓ सहभागी हुने कृषकहरुलाई तालिमको जानकारी गराई सहभागी हुन बोलाउने ।
    - ✓ शैक्षिक सामग्रीहरु ( श्रव्य-दृश्य सामग्रीहरु) को व्यवस्था मिलाउने ।

तालिम कार्यक्रममा फिल्ड भ्रमण, फिल्ड तालिम, फिल्ड अध्ययनको व्यवस्था भएमा सम्बन्धित संस्थाहरुसंग पूर्व सम्पर्क राखी कार्यक्रम निश्चित गर्ने ।

**कार्यक्रमको आर्थिक पक्ष /खर्च मापदण्ड/नर्म्स :**

| सि.न | नर्म्सको विवरण | इकाई | नर्म्स दर |
|---|---|---|---|
| १ | कार्यपत्र वापत पारिश्रमिक | रु/कार्यपत्र | ८०० |
| २ | प्रवचन वापत पारिश्रमिक | रु/कार्यपत्र | ७०० |
| ३ | सहभागी खाजा संयाजक, श्रोत व्यक्ति, प्रतिवेदक र सहयोगी र्कमचारीलाई समेत-उदघाटन तथा समापन समारोहमा एक एक पटक खाजा थप गर्न सकिने । | रु/सहभागी/दिन | १५० |
| ४ | तालिम सामग्री (कच्चा पदार्थ, | रु | प्रचलित बजार दर |

| | | | |
|---|---|---|---|
| | नमुना,इन्धन,पोकाबन्दीका सामन तथा प्रयोगात्मक कक्षा संचालनको लागि आवश्यक पर्ने सामान खरिद गनुपर्ने साना तिना औजार आदि ) | | |
| ५ | मसलन्द (क्षैशिक सामग्री) | रु/सहभागी | १०० |
| ६ | तालिम सुविधा (तालिम कक्ष तथा भाडामा लिनुपर्ने उपकरण भाडा) | रु/दिन | प्रचलित बजार दर |
| ७ | संयोजक भत्ता(अधिकतम १५ कार्यदिन सम्म प्रतिदिन) | रु/दिन | १००० |
| ८ | सहयोगी भत्ता(अधिकतम १५ कार्यदिन सम्म प्रतिदिन) | रु/दिन | ५०० |
| ९ | प्रशिक्षार्थि भत्ता | रु/दिन | २०० |
| १० | विविध (प्रमाणपत्र, पानी, सरसफाई, तुलव्यानर) आदि | रु | २००० |
| ११ | प्रतिवेदन तयारी, छफाई आदि | रु | २५०० |

## २४. अन्तर जिल्ला कृषक भ्रमण कार्यक्रम

**कार्यक्रमको सञ्चालन प्रकृया /कार्यविधि**

- भ्रमणका लागि केही पढेका, सिक्न सक्ने र सिकाउन सक्ने भावना भएका कृषक छनौट गर्नु पर्दछ ।
- भ्रमण कार्यक्रम (अवलोकल स्थल, बस्ने स्थान आदि) अग्रिमरुपमा तयार गरी भ्रमण गरीने स्थल एवं सम्बन्धित व्यक्तिहरु तय गरि भ्रमण कार्यक्रम प्रारम्भ गर्नु पर्दछ ।
- भ्रमणको सुरुमा परिचय लिने दिने गरी कार्यक्रम स्पष्टरुपले बताई दिनु पर्दछ ।
- भ्रमणको क्रममा सबैलाई सक्दो सहुलियत दिई लाभप्रद तुल्याउनु पर्दछ र अन्तयमा समिक्षा गर्नु पर्दछ ।
- सहभागी कृषकहरु २० देखि २५ जना हुनु पर्दछ ।
- ३-५ दिन अवधि भित्र कृषक आफनो गा.पा बाट भ्रमण सुरु गर्न, केन्द्रमा भेला हुन र फर्कन बाटोको म्याद बाहेक)गर्नु पर्दछ ।

**कार्यक्रमको आर्थिक पक्ष/ खर्च मापदण्ड**

| सि.नं. | नर्मसको विवरण | इकाई | नर्मस दर |
|---|---|---|---|
| १ | बस रिजर्भेशन भाडा तथा व्यवस्थापन | रु | स्वीकृत दर अनुसार |
| २ | स्थलगत अवलोकन बापत प्रस्तुतिको पारिश्रमिक | रु अवलोकन स्थल | ६०० |
| ३ | दैनिक प्राविधिक भत्ता सहायक स्तर | रु /प्राविधिक/ दिन | १२०० |
| ४ | दैनिक प्राविधिक भत्ता कार्यालय सहयोगी स्तर | रु /प्राविधिक/ दिन | १००० |
| ५ | दैनिक प्राविधिक भत्ता अधिकृत स्तर | रु /प्राविधिक/ दिन | १००० |
| ६ | दैनिक भत्ता कृषकलाई | रु /प्राविधिक/ दिन | १००० |
| ७ | सहभागी लाई स्टेसनरी सामाग्री | रु /प्रति सहभागी | २०० |
| ८ | अन्य व्यवस्थापन (व्यानर,परिचय पत्र,लगायत अन्य) | रु | ६५०० |
| ९ | प्रतिवेदन तयारी | रु | २५०० |

**धन्यबाद**